जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) एवम् जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको संयुक्त बैठक ; प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७८/०२/३० गते आईतवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

उपस्थिति:

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेर गण चोहर्वा

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा

अनुसन्धान अधिकृत, श्री राम अचल साह, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा

मे.सु., डा. नागेन्द्र प्रसाद यादव, सिरहा अस्पताल, सिरहा

**आमन्त्रित:**

समन्वय प्रमुख - श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा

नगर प्रमुख – श्री हरिनारायण चौधरी, धनगढीमाई नगरपालिकाको कार्यालय, सिरहा

नगर प्रमुख - श्री गंगा पासवान, कर्जन्हा नगरपालिकाको कार्यालय, सिरहा

अध्यक्ष - श्री रामशरण यादव, नरहा गाउँपालिकाको कार्यालय, सिरहा

अध्यक्ष - श्री जागेश्वर यादव, बिष्णुपुर गाउँपालिकाको कार्यालय, सिरहा

अध्यक्ष - श्री बेचन प्रसाद यादव, भगवानपुर गाउँपालिकाको कार्यालय, सिरहा

प्रतिनिधी- श्री रामवावु यादव, नेपाली काङ्ग्रेस पार्टि, जिल्ला कार्यालय, सिरहा

प्रमुख प्रशासकीय अधिकृत - श्री अमरेन्द्र कुसियैत,नवराजपुर गाउँपालिकाको कार्यालय, सिरहा

प्रमुख - श्री कृष्ण देव यादव, स्वास्थ्य कार्यालय, सिरहा

सभापति - श्री राज देव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

अध्यक्ष – श्री प्रमोद कुमार पौद्दार, सिरहा उद्योग वाणिज्य संघ, सिरहा

अध्यक्ष - श्री अशोक अमात्य, लहान उद्योग वाणिज्य संघ, सिरहा ।

कोभिड फोकल पर्सन - माधवराज ओझा, जिल्ला प्रशासन कार्यालय, सिरहा

Sanjay Sah, PCR Lab, Siraha

**जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) एवम् जिल्ला विपद् व्यवस्थापन समिति (DDMC), सिरहाको संयुक्त बैठक मिति २०७८/०२/३० गते।**

## बैठकको कारवाही एवम् निर्णय

१. सिरहा जिल्लामा कोभिड-१९ संक्रमण एवम् व्यवस्थापनको देहायको अवस्थाको वारेमा बैठकमा अवगत भई जोखिम न्यूनीकरण गर्न पु-याउन पर्ने विषय समेतमा छलफल भयो।

| | संक्रमितको विवरण | | | | | | PCR | | Antigen | | | संक्रमितको उपचार अवस्था | | | | जिल्लामा उपलब्ध स्वास्थ्य पूर्वाधार | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | हिजो सम्मको संक्रमितको संख्या | आज थप भएको संक्रमितको संख्या | निको भएको संख्या | हालसम्को मृत्यु भएको संक्रमित संख्या | विगत २४ घण्टा भित्रको मृत्यु भएको संख्या | हालको सक्रिय संक्रमितको संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | परीक्षण संख्या | हालसम्मको संक्रमित संख्या | होम आईसोलेसनमा रहेका संक्रमितको संख्या | क्वोरेन्टिनमा रहेका संक्रमितको संख्या | सामान्य उपचारमा रहेका संख्या | ICU मा उपचाररत संख्या | HDU उपचाररत संख्या | भेन्टिलेटरमा उपचाररत संख्या | अस्पताल संख्या | वेड संख्या | HDU बेड संख्या (सिरहा अस्पतालको) | ICU संख्या | भेन्टिलेटर संख्या | दोस्रो चरणमा खोप लगाएको व्यक्ति संख्या | अक्सिजन सिलण्डर संख्या |
| सिरहा | ४६६ | २१ | ८६७ | ९२ | १ | ४४५ | ४६९३ | १४०४ | २७२ | २९ | ४११ | ० | २७ | ७ | ० | ० | १५ | ८५७ | २७ | ४४ | ८ | ६८०६ | २०५ |

## खोपको अवस्था :

| अभियान मिति | खोपको नाम | प्राप्त भायल संख्या | पहिलो डोज खोप लगाएको व्यक्ति संख्या | दोश्रो डोज खोप लगाएको व्यक्ति संख्या |
|---|---|---|---|---|
| २०७७ माघ १४ गते हाल सम्म | कोभिसिल्ड | ४७९० | ४१७९१ | ६८०६ |
| २०७८ जेठ २६ गते देखि २०७८ जेठ २९ गते सम्म | भेरो सेल | १०,०१५ | ८६९० | ३५ |

२. श्री गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को मिति २०७८/०२/२७ च.नं. ३३७७ को पत्रको बुँदा नं. ४,५,६,७ र ९ अनुरुप व्यवस्था कार्यान्वयन गर्न आवश्यक सहयोग पु-याउने । सो को बुँदा नं. ८ अनुरुप खोप व्यवस्थापन भएको र यसपछी पनि गरिने ।

३. कोभिड-१९ संक्रमण जोखिम कायमै रहेको हालको अवस्थामा २०७८ जेष्ठ ३१ गते राती १२:०० बजे देखि ऐ. असार १५ गते राती १२:०० बजेसम्मकालागि प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीबाट देहाय अनुरुप निषेधाज्ञा जारी गर्न सिफारिस गर्ने ;

**क)** २०७८/०२/२१ को राती १२:०० बजे बाट ऐ. जेष्ठ ३१ को राती १२:०० बजेसम्मकालागि २०७८/०२/२० मा प्रमुख जिल्ला अधिकारीबाट जारी आदेशमा गर्न पाईने क्रियाकलापको बुँदा नं. ४ मा उल्लेखित " खाद्यान, पसल विहान ६:०० -९:३० बजेकोसम्म खोल्न पाईने भएकोमा सो सट्टा विहान ०९:०० बजे देखि दिउसो १:०० बजेसम्म मात्र संचालन गर्न उपयुक्त हुने "

होटल वाहेक सो ०९:०० बजे देखि दिउँसो १:०० बजेसम्म **मात्र** स्वास्थ्य सुरक्षा मापदण्ड पालनाको जिम्मेवारी व्यवशायीले नै गर्ने गरी **अन्य पसल** समेत संचालन गर्न दिन उपयुक्त हुने । फलफुल, तरकारी, दुध खरिद विक्री विहान ०५:०० बजे देखि दिउँसो १:०० बजेसम्म गर्ने । तर हाटबजार नलगाउने । औषधी २४ सै घण्टा उपलब्ध गराउने ।

**ख)** सवारी साधन चल्ने/नचल्ने व्यवस्था पछिल्लो आदेश २०७८/०२/२० अनुरुप हुने ।

**ग)** विहान ९:०० बजे देखि दिउँसो १:०० बजेसम्म र वेलुकी ६:०० बजे देखि ८:०० बजेमसम्म पाहुना नराखी होटेलहरुले अनलाईन/फोनबाट वुकिङ्ग र होम डेलिभरी गर्न पाउने, साथै टेकअवे गर्न पाउने ।

**घ)** अन्य व्यवस्था २०७८/०२/२० कै आदेश अनुरुप हुन उपयुक्त हुने ।

४. कोभिड-१९ संकित संक्रमितको पहिचान गर्न जिल्लाभर परीक्षणको दर र दायरा बढाउन ।

५. कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न विगतमा सिरहा अस्पतालबाट संचालीत कोभिड अस्पताल, चिकित्सक तथा अन्य स्वास्थ्यकर्मी र विरामीले खाना खाएको रकमको वक्यौता भुक्तानी गर्न वारम्वार अनुरोध हुँदा पनि रकम निकासा नभएको देखिदा सम्झौता एवम् प्रमाणित विल भर्पाई अनुरुप भुक्तानीको निकासा हुन प्रदेश नं.२ स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालयमा देहाय अनुसारको रकम उपलब्ध गराई दिन पुन: अनुरोध गर्ने ।

**देहाय :**

| क्र.स. | शिर्षक | प्रदेश सरकारबाट प्राप्त रकम | कुल खर्च | भुक्तानी दिन वाँकी रकम |
|---|---|---|---|---|
| १ | आ.ब. ०७६/०७७ को वाँकी | ७४,५०,०००/- | १,६८,९८,५५०/- | ९४,४८,५५०/- |
| २ | २०७७ श्रावण देखि कार्तिक मसान्तसम्म विभिन्न आईसोलेसन व्यवस्थापन तथा क्वारेन्टाईन व्यवस्थापन खर्च | | २,३७,६९,११९/- | २,३७,६९,११९/- |
| ३ | २०७७ श्रावण देखि कार्तिक मसान्तसम्मको कोभिड जोखिम भत्ता | | १,३५,०९,७८०/- | १,३५,०९,७८०/- |
| | **जम्मा** | | **५,४१,७७,४४९/-** | **४,६७,२७,४४९/-** |

६. हाल कोभिड संक्रमणको समयमा विद्यार्थीहरुबाट भर्ना शुल्क न्यूनतम के-कती लिने वा नलिने भन्ने सम्वन्धमा वस्तनिष्ठ निर्णय गरी सवै विद्यालयमा निर्देशन दिन सवै न.पा./गा.पा. कार्यालयमा अनुरोध गर्ने । र यसमा जिल्ला समन्वय समिति/शिक्षा विकास तथा समन्वय इकाई सँग पूर्व समन्वय गरी जिल्ला भर एकरुपता कायम गर्ने ।

७. नयाँ शैक्षिक सत्र शुरु हुन लागेको, विद्यार्थीभर्ना अभियान समेत चल्ने हुँदा कोभिड विरुद्धको खोपको प्राथमिक्तामा विद्यालयका शिक्षक/कर्मचारी र विद्यार्थी समेतकालागि निर्धारण हुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र CCMC समेतमा अनुरोध गर्ने ।

८. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. ३२४३ मिति २०७८/०२/०२ को पत्रानुसार रा.उ. स्मारक अस्पताल लहानमा रहेको अक्सिजन प्लान्टमा " रिफिल प्लान्ट " जडान गर्नकालागि आवश्यक बजेट सिरहा जिल्ला स्थित कोभिड कोषमा निकासा हुन स्वास्थ्य तथा जनसंख्या मन्त्रालमा गरिएको अनुरोध पत्रको व्यहोरा बैठकमा अवगत भयो ।

९. कोभिड १९ विरुद्धको अगामि खोप अभियानहरुलाई थप व्यवस्थित बनाउन सबै स्थानीय तहहरुले स्वास्थ्य सेवा विभागबाट यस अघिनै भएको परिपत्र बमोजिम तोकिएको लक्षित समुहको नामावलि अग्रिम रुपमा online वा offline pre-registration गरी गराई चरणबद्ध रुपमा तोकिने लक्षित समुहको लागि आवश्यक खोप स्वास्थ्य कार्यालयमा माग गर्ने र स्वास्थ्य कार्यालयले खोपको मौजदात अनुसार वितरण एवं व्यवस्थापन गर्ने ।

१०. स्वास्थ्य कार्यालयले हालको कोभिड – १९ को अवस्थाको निगरानीकोलागि सबै स्थानीयय तहहरुलाई Antigen kit दिने र सबै स्थानिय तहहरुले कोभिड १९ को ततकालै कोभिड जाँच गर्नु पर्ने व्यक्तिहरुको प्राथमिकिकरण (ज्वरो आएका व्यक्तिहरु, शंकास्पद व्यक्तिहरु, गाउँ समुदायमा बाहिर बाट आएका व्यक्तिहरु, सीमा नाकामा ओहर दोहोर गर्ने व्यक्तिहरु, बैंक तथा वितिय निकायका कर्मचारीहरु, सरसफाईकर्मीहरु, अग्रपंक्तिमा रहेर काम गर्ने व्यक्तिहरु) गरी प्रत्येक वडाहरुमा COVID-19 को नियमित Screening गर्ने गराउने र सो को प्रतिवेदन IMU App मा र स्वास्थ्य कार्यालय सिरहा, सिचुएसन सेन्टरमा गराउने ।

११. कोभिड दोश्रो लहरको जोखिम अझै पनि कायम रहिरहेको र आगामी दिनमा देखा पर्न सक्ने माहामारिको प्रवल सम्भावानालाई मध्य नजर गरी तत्काल सो को रोकथाम, नियन्त्रण र व्यवस्थापनकोलागि पूर्व तयारी अवस्थामा रहन सबै सरोकारवालाहरुलाई अनुरोध गर्ने ।

१२. सबै निजी, गैरसरकारी, सहकारी अस्पतालहरुले वालवालिकाहरुकालागि कम्तिमा २०% आईसोलेसन बेड छुट्ट्याई तयारी अवस्थामा राख्न तथा कोभिड-१९ को उपचारकोलागि चाहिने अक्सिजन लगायतका अत्यावश्यक औषधि उपकरण सामाग्रीहरुको समयमै यथोचित व्यवस्थापन गर्न अनुरोध गर्ने ।

१३. कोभिड-१९ को रोकथाम नियन्त्रण तथा व्यवस्थापनकालागि विभिन्न दातृ निकाय सहयोगी संस्थाहरुले औषधि उपकरण लगायतका अत्यावश्यक सामाग्रीहरु सहयोग गरिरहेको सन्दर्भमा सो कार्य लाई थप व्यवस्थित एवं आवश्यक्ताका आधारमा वितरणगर्नको लागि एकद्वार प्रणालि मार्फत हुनु पर्ने ।

१४. जनस्वास्थ्य प्रयोगशाला सिरहामा PCR टेस्ट गर्ने व्यक्तिहरुलाई ल्याव टेस्टको रिपोर्ट SMS बाट मोवाईल फोनमा जानकारी गराउन आवश्यक पर्ने App संचालनमा ल्याउन र सोको लागि एकमुस्ट शुल्क रु.१०,०००/- र सो पश्चात प्रति महिना रु.३,०००/- का दरले हाल ३ महिनाकालागि एप जडान गर्ने कम्पनिलाई कोभिड कोषबाट उपलब्ध गराउन।

१५. दैनिक कोभिड सम्वन्धी विवरण अध्यावधिक एवम् सिचुएसन सेन्टर समेतकालागि फोटोकपी पेपर लगायतका स्टेसनरी सामाग्रीहरुकालागि रु.२५,०००/- (रुपैया- पच्चिस हजार मात्र) कोभिड कोषबाट खर्च गर्ने ।

१६. श्री गृह मन्त्रालय, विपद् पूर्तयारी तथा प्रतिकार्य शाखा (राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र) को मिति २०७८/०२/२८ च.नं. १८९ को पत्रको देहायको व्यहोरा बैठकमा अवगत भयो ;

तत् सम्वन्धमा जिल्ला स्थित क्लस्टर, सुरक्षा निकाय, सवै १७ स्थानीय तह, नदी नियन्त्रण सम्वद्ध आयोजना/कार्यालय, स्वास्थ्य निकाय, सडक/वन/विद्युत कार्यालय समेतलाई जानकारी गराई ;

न.पा/गा.पा., जिल्ला स्थित नदी नियन्त्रण आयोजना/कार्यालय र सुरक्षा निकायले नेतृत्व लिई कार्यन्वयनमा ल्याउने।

**देहाय:**

क) मनसुन सक्रिय अवधिभर बाढी, डुवान र पहिरोका कारण जोखिमयुक्त स्थानहरुमा विशेष सावधानी अपनाउने।

ख) उच्च जोखिममा रहेका वस्तीहरुको पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न सहजिकरण गर्ने।

ग) अत्यावश्यक सामाग्री (जस्तै- खानेकुरा, कपडा,औषधी, पानी ) हरुको आवश्यक भण्डारण गर्ने।

घ) महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भई उच्च जोखिममा रहेका व्यक्तिहरुको सुरक्षामा विशेष ध्यान दिने।

ङ) NEOC तथा DHM बाट नजिकका नदी, नालामा पानीको वहावको सूचना लिई नदीको सतह बढेमा तल्लो तटीय क्षेत्रका वासिन्दाहरुलाई सुरक्षित रहन सूचना प्रवाह गर्ने गराउने।

च) बाढी आएको समयमा नदी नालामा माछा मार्ने, पौडी खेल्ने, काठ, दाउरा संकलन गर्ने जस्ता कार्यहरुलाई निषेध गर्ने।

छ) सरोकारवाला निकाय (प्रदेश र स्थानीय तह) हरु सँग आवश्यक समन्वय गरी विपद् जोखिम न्यूनीकरण कार्यहरु गर्ने।

ज) कोभिड महामारी र मनसुनजन्य विपद् प्रतिकार्यकोलागि विभिन्न विषयगत क्षेत्र (Cluster) सक्रिय गर्ने निर्णय भई सकेकोले विषयगत क्षेत्रहरुलाई समेत परिचालन गरी मनसुनजन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा जुट्ने।

झ) कोभिड-१९ का सुरक्षात्मक उपायहरु समेत अवलम्वन गरी खोज तथा उद्धार कार्य प्रभावकारी रुपमा गर्ने गराउने।

ञ) विपद् प्रभावितहरुलाई राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन कोषमा पर्याप्त रकमको वन्दोवस्त गर्ने। रकम कम भएमा मन्त्रालयमा माग गर्ने।

ट) मौसम सम्वन्धि जानकारीकालागि जल तथा मौसम विज्ञान विभागको वेवसाईट www.hydrology.gov.np र मन्त्रालयको drrportal.gov.np नियमित अवलोकन गर्ने।

१७. जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०७८/०२/२४ को निर्णय नं. ५ मा उल्लेखित ट्रयाक्टर दुर्घटनाको खर्च रु.५,०००/- (रुपैया- पाँज हजार मात्र) विपद् व्यवस्थापन तर्फ खर्च गरि हिसाव मिलान गरिएको हुँदा सो रु.५,०००/- सामाजिक सुरक्षा कार्यक्रमबाट सोधभर्ना गर्ने।

२०७८।२।२०

प्रमुख जिल्ला अधिकारी